## आ.व. २०७८/७९ मा गृह मन्त्रालय र मातहत निकायका पदाधिकारीसँग भएको कार्यसम्पादन सम्झौताको मूल्याङ्कन गर्ने प्रयोजनार्थ गठित समितिबाट पेश गरिएको

# वार्षिक कार्यसम्पादन सम्झौताको मूल्याङ्कन प्रतिवेदन

**समक्षः**

श्रीमान् सचिवज्यू
गृह मन्त्रालय, सिंहदरबार
काठमाडौं, नेपाल ।

मितिः २०७९ साउन १९

## आ.व. २०७८/७९ मा गृह मन्त्रालय र मातहत निकायका पदाधिकारीसँग भएको कार्यसम्पादन सम्झौताको मूल्याङ्कन गर्ने प्रयोजनार्थ गठित समितिबाट पेश गरिएको

# वार्षिक कार्यसम्पादन सम्झौताको मूल्याङ्कन प्रतिवेदन

**प्रतिवेदक**

सह-सचिव डा.भीष्मकुमार भूसाल (संयोजक)
सह-सचिव टेक बहादुर के.सी. (सदस्य)
उप-सचिव अर्जुन पौडेल (सदस्य)
उप-सचिव मोहनशरण भण्डारी (सदस्य)
वरिष्ठ क.ई. सुष्मा श्रेष्ठ (सदस्य)
शाखा अधिकृत रेम्बु चाम्लिङ राई (सदस्य)
शाखा अधिकृत कुलशेखर अर्याल (सदस्य)
शाखा अधिकृत जितेन्द्र अधिकारी (सदस्य)
शाखा अधिकृत नरेन्द्र परियार ( सदस्य सचिव)

**२०७९/०४/१९**

# विषय-सूची

परिच्छेद —एक ........ १

१. गृह मन्त्रालय र यस अन्तर्गतको निकायका पदाधिकारीहरूसँग आ.व. ०७८/७९ मा भएको कार्यसम्पादन सम्झौताको मूल्याङ्कन प्रतिवेदन, २०७९ ........ १

१.१ पृष्ठभूमि ........ १

१.२ समितिको कार्यक्षेत्र: ........ २

१.३ अध्ययन विधिः ........ ३

१.४ अध्ययन एवं मूल्याङ्कनका आधारहरू ........ ३

१.५ अध्ययनका सीमाः ........ ४

१.६ अध्ययनका समस्या तथा चुनौतीहरू ........ ५

परिच्छेद- दुई ........ ७

२. कार्यसम्पादन सम्झौता कार्यान्वयनको तुलनात्मक अवस्था ........ ७

परिच्छेद- तीन ........ ९

३.१ कार्यसम्पादन स्तरको वार्षिक मूल्याङ्कन ........ ९

३.२ सम्झौता कार्यान्वयन प्रगति अवस्था ........ ११

परिच्छेद-चार ........ १३

४ प्र.जि.अ.सँग गरिएको कार्यसम्पादन सम्झौता कार्यान्वयनको विश्लेषण गर्दा देखिएका प्रमुख सवालहरू/सुझावहरू- ........ १३

४.१ प्रमुख जिल्ला अधिकारीको कार्य जिम्मेवारी ........ १३

४.२ CPAS प्रणालीको बिकल्प ........ १३

४.३ तत्काल सुधार र पृष्ठपोषण दिने पद्धतिको विकास ........ १४

४.४ जिल्लाको वर्गीकरण गरी सम्झौता गर्नुपर्ने- ........ १४

४.५ सम्झौतामा छुटेका महत्वपुर्ण क्रियाकलापहरू- ........ १५

परिच्छेद-पाँच ........ १६

५ सुझाव तथा निश्कर्ष ........ १६

अनूसुची खण्ड ........ २१

अनुसुची १ ........ १८

अनुसूची- २ ........ २०

अनुसूची- ३ ........ २३

अनुसुची- ४ ........ २७

अनुसूची-५ ........ २९

# परिच्छेद –एक

## १. गृह मन्त्रालय र यस अन्तर्गतको निकायका पदाधिकारीहरूसँग आ.व. ०७८/७९ मा भएको कार्यसम्पादन सम्झौताको मूल्याङ्कन प्रतिवेदन, २०७९

### १.१ पृष्ठभूमि

देशमा शान्ति, सुरक्षा, सुव्यवस्था, अमनचयन र स्थिरता कायम गर्नु गृह प्रशासनको मुलभूत कार्य हो । अपराध नियन्त्रण, विपद् व्यवस्थापन, मानव अधिकारको संरक्षण, लैङ्गिक हिंसा न्यूनीकरण, सार्वजनिक सेवा प्रवाह मार्फत कानूनी राज्य तथा सुशासनको प्रत्याभूति दिलाउने विषयहरू यस मन्त्रालयको कार्यक्षेत्र भित्र पर्दछन् । नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ अनुसारको कार्यहरू मन्त्रालय, विभागीय निकाय र जिल्ला प्रशासन कार्यालयबाट हुँदै आएको छ । नेपालको संविधानमा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, जनउत्तरदायी र सहभागितामूलक बनाउँदैं राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने विषय उल्लेख भएको छ । निजामती सेवा ऐन, २०४९ को दफा १५ (२), निजामती सेवा नियमावली, २०५० को नियम ३४ को (ख) तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को बुदाँ नं. १९ मा सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी तथा गुणस्तरीय बनाउन सार्वजनिक निकायका पदाधिकारीसँग कार्यसम्पादन सम्झौता गर्न सक्ने प्रावधान रहेको छ। गृह प्रशासन सुधार कार्ययोजना, २०७८को बुँदा नं. २४ मा प्रमुख जिल्ला अधिकारीको कार्यसम्पादन सम्बन्धी व्यवस्था उल्लेख गरिएको छ ।

उल्लेखित कार्यक्षेत्र तथा कानूनी प्रावधान भित्र रही गृह मन्त्रालयमा वि. स. २०७५ को माघ महिना देखि मन्त्रालयका सचिवज्यू र प्रमुख जिल्ला अधिकारीहरू बीच कार्यसम्पादन सम्झौता गरी कार्यान्वयनमा ल्याइएको थियो। सोही व्यवस्थालाई आ.व. २०७८/७९ मा समेत निरन्तरता दिदैं सचिवज्यू र सबै प्रमुख जिल्ला अधिकारी, महाशाखा प्रमुख, विभागीय प्रमुख सम्म कार्यसम्पादन सम्झौता कार्यान्वयन भएको छ । मन्त्रालयको योजना, अनुगमन तथा मूल्याङ्कन शाखाबाट सम्झौताको चालू आ.व.को अर्धवार्षिक समीक्षा समेत भइसकेको अवस्था छ । उक्त मूल्याङ्कनलाई यस वार्षिक कार्य सम्पादन सम्झौताको मूल्याङ्कन प्रतिवेदन लेखनको क्रममा महत्वपूर्ण आाधारको रूपमा लिइएको छ ।

प्रमुख जिल्ला अधिकारीहरू र श्रीमान सचिवज्यू बीच भएको आ.व. ०७८/७९ को कार्यसम्पादन सम्झौताको अवस्था मूल्याङ्कन तथा आगामी आ.व.को कार्यसम्पादन सम्झौताको प्रस्ताव पेश गर्ने कार्यका लागि नेपाल सरकार

(सचिवस्तर) को मिति २०७९।४।४ गतेको को निर्णयानुसार नीति योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा प्रमुख सहसचिव डा.भीष्मकुमार भूसालज्यूको संयोजकत्वमा, सहसचिव टेक बहादुर के.सी.,उपसचिव मोहनशरण भण्डारी, उपसचिव अर्जुन पौडेल, बरिष्ठ कम्प्युटर इन्जिनियर,शुष्मा श्रेष्ठ , शाखा अधिकृत रेम्बु चाम्लिङ राई, शाखा अधिकृत कुलशेखर अर्याल, विपद् सूचना व्यवस्थापन प्रणाली (DIMS) हेर्ने (प्रतिनिधि) शाखा अधिकृत जितेन्द्र अधिकारी र शाखा अधिकृत नरेन्द्र परियार सदस्य-सचिव रहेको मूल्याङ्कन समिति गठन भई कार्य जिम्मेवारी तोकिए बमोजिम यो प्रतिवेदन तयार गरिएको छ।

## १.२ समितिको कार्यक्षेत्रः

समितिको कार्यक्षेत्रलाई देहाय बमोजिम उल्लेख गरिएको छ ।

**क. कार्यसम्पादन सम्झौता मूल्याङ्कन सम्वन्धमा**

- श्रीमान् गृह सचिवज्यू र ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूबाट आ.व. २०७८/७९ का लागि भएको कार्य सम्पादन सम्झौता बमोजिम CPAS मार्फत प्राप्त जिल्लाहरूको कार्य सम्पादन सहितको विवरण सङ्कलन गर्ने ।
- उक्त अवधिमा सम्पादन भएका कार्यहरूको कार्यसम्पादन सम्झौतामा उल्लेखित कार्यसम्पादन मूल्याङ्कन मापनका आधार अनुसार तथ्य र प्रमाणका आधारमा आर्थिक वर्ष २०७८/७९ को वार्षिक कार्यसम्पादन प्रगति अवस्था मूल्याङ्कन गर्ने ।
- न्यून कार्यसम्पादन अवस्था भएका कर्मचारीहरूका सम्वन्धमा के कति कारणले कार्यसम्पादन प्रभावकारी हुन नसकेको हो सो को अवस्था पहिचान गर्ने ।
- कार्यसम्पादन सम्झौता अनुसारका कार्यहरू सम्पादन गर्ने सम्वन्धमा देखापरेका समस्या तथा चुनौती हरूको पहिचान गर्ने ।
- महाशाखा प्रमुख, विभागीय प्रमुख, प्रमुख जिल्ला अधिकारी तथा मन्त्रालयका अन्य अधिकृतस्तर सम्मका कर्मचारीको कार्यसम्पादन सम्झौता अनुसारको कार्यसम्पादन प्रगति अवस्था सहितको प्रतिवेदन समिति गठन भएको मितिले एक महिना भित्र सचिवज्यू समक्ष पेश गर्ने ।

**ख. अन्य**

- विश्वव्यापी महामारीको रूपमा रहेको कोभिड-१९को जोखिम कायम नै रहेको सन्दर्भमा कोभिड पूर्वाधारहरूको प्रयोग र संरक्षणका सम्बन्धमा प्र.जि.अ.हरूबाट भएका प्रभावकारी कार्यहरू।
- आकस्मिक तथा भैपरी व्यवस्थापन ।

## १.३ अध्ययन विधिः

कार्यसम्पादन सम्झौतामा उल्लेख भएका कार्यसम्पादन लक्ष्य, क्रियाकलापहरूको लागि तयार गरिएको कार्यसम्पादन स्तरको मापन सूचक अनुसार कार्यसम्पादन सम्झौता गर्ने अधिकारीबाट पेश गरिएको प्रगति विवरणको आधारमा मूल्याङ्कन र विश्लेषण गरी यो प्रतिवेदन तयार गरिएको छ । प्रमुख जिल्ला अधिकारीहरूको मूल्याङ्कन गर्दा योजना, अनुगमन तथा मूल्याङ्कन शाखाबाट गरिएको आ.व. २०७८/७९ को अर्धवार्षिक मूल्याङ्कनलाई आधार लिइएको छ । यसका साथै आ.व. २०७८/७९ मा ७७ वटा जिल्ला प्रशासन कार्यालयहरूले कार्यसम्पादन सम्झौतामा उल्लेख भएका क्रियाकलापहरूको कार्यान्वयन गरेको तथ्य र प्रमाणहरूको समेत गहन विश्लेषण गरिएको छ । ७७ वटै जिल्ला प्रशासन कार्यालयहरूले वार्षिक कार्यसम्पादन सम्झौतामा उल्लेख भएका क्रियाकलापहरू कार्यान्वयन गरी मन्त्रालयको योजना अनुगमन तथा मूल्याङ्कन शाखावाट निर्धारित CPAS मार्फत प्राप्त भएका सामाग्रीहरूको अध्ययन गरि हरेक जिल्लाले पाएको प्राप्ताङ्कलाइ विश्लेषण गरी अन्तिम मूल्याङ्कन गरिएको छ। यस आ.ब. २०७८/७९ को अन्तिम दिन मिति २०७९/३/३२ सम्म CPAS मार्फत प्राप्त विवरणहरूलाई मूल्याङ्कनमा समावेश गरिएको छ।

कार्यसम्पादन सम्झौतामा रहेको कार्यसम्पादन स्तरको सूचक र कार्यसम्पादन सम्झौता गर्ने अधिकारीबाट पेश गरिएको विवरणको विस्तृत अध्ययन, कार्यसम्पादन प्रगतिलाई पुष्ट्याई गर्ने कागजातहरूलाई समेत अध्ययन गरिएको छ। यसै गरी कार्यसम्पादन सम्झौताको मूल्याङ्कनलाई वस्तुनिष्ठ र यथार्थपरक बनाउन सम्झौतामा तोकिएका सूचक बमोजिम विवरण मिलेका प्रतिवेदनलाई अङ्क प्रदान गरिएको छ। तथ्यहरूलाई सहज र सरलताका साथ बुझ्न सजिलो होस् भनी कतिपय महत्वपूर्ण विषयहरूलाई रेखाचित्र र तालिकामा समेत प्रस्तुत गरिएको छ।

## १.४ अध्ययन एवं मूल्याङ्कनका आधारहरू

कार्यसम्पादन सम्झौताको मूल्याङ्कनको लागि गठित समितिलाई प्राप्त कार्यदिशलाई मुख्य आधारको रूपमा लिइएको छ। जस अन्तर्गत योजना, अनुगमन तथा मूल्याङ्कन शाखाबाट यस अघि नै सम्पन्न गरिसकिएको अर्धवार्षिक मूल्याङ्कनलाई द्वितीय तथ्याङ्कको रूपमा लिईएको छ। साथै पछिल्लो मूल्याङ्कन CPAS मार्फत प्राप्त थप विवरणहरूका आधारमा गरिएको छ। यसैगरि समितीले वस्तुनिष्ठ मूल्याङ्कनको लागि छुट्टै आधार र मापदण्ड तयार गरी सो वमोजिम मूल्याङ्कन गरेको छ। यसका अलावा अन्य आधारहरू देहाय बमोजिम रहेका छन्:

- श्रीमान् गृह सचिवज्यू र ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूबाट आ.व. २०७८/७९ का लागि भएको कार्य सम्पादन सम्झौता बमोजिम CPAS मार्फत मिति २०७९/३/३२ सम्म प्राप्त जिल्लाहरूको कार्य सम्पादन सहितको विवरणहरूलाई मुख्य आधार मानिएको।

- कार्यसम्पादन सम्झौतामा उल्लेख भएका कतिपय प्रत्यक्ष मापन गर्न नसकिने कार्यसम्पादन स्तरको सूचकलाई परिष्कृत गरी समितिबाट तयार गरिएको मापदण्ड अनुसार मूल्याङ्कन गरिएको।

- दर्ता भएका मुद्दाहरूको फछ्र्यौट, अघिल्लो आ.व.बाट जिम्मेवारी सरेका मुद्दाको फछ्र्यौट, नागरिकता सम्बन्धी उजुरी फछ्र्यौट, ठाडो उजुरी, CIAA, NVC र MoHA बाट प्राप्त उजुरी फछ्र्यौट, उपभोक्ता हित विपरीतका कार्यहरू सम्बन्धी उजुरी एवं गुनासो फछ्र्यौट, सरकारी वा सार्वजनिक जग्गामा भएको अतिक्रमण सम्बन्धी उजुरी एवं गुनासो फछ्र्यौट, DIMS को नियमित प्रयोग, लेखा परीक्षण भएको कुल अङ्कमा बेरूजूको अवस्था शुन्य हुने, बक्यौता बेरूजू फछ्र्यौट लगायत सूचकमा आर्थिक प्रशासन शाखा, मलेप प्रतिवेदन, नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखाको अभिलेख, गुनासो व्यवस्थापन शाखाको अभिलेख आदिलाई जिल्लाबाट प्राप्त विवरण सँग तुलना गरी यथार्थ तथ्यका आधारमा अङ्क प्रदान गरिएको ।

- इ-बुलेटिन, सूचना अधिकारीको विवरण, स्वतस्फूर्त सार्वजनिकीकरण(Proactive Disclosure), विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाजस्ता वेबसाइट मार्फत प्रकाशन गरिने दस्तावेजहरू जिल्लागत वेबसाइट मार्फत निरीक्षण गरिएको,

- सीमा स्तम्भ, वालसुधार गृह, राजमार्ग, सशस्त्र द्वन्द्व पीडित, कारागार, लागु औषध दुर्व्यसनी पुर्नस्थापना केन्द्र, गाँजा खेती फँडानी सम्बन्धी कार्यसम्पादन लक्ष्य, क्रियाकलापहरू नभएको जिल्लाहरूलाई कार्यसम्पादन सम्पन्न गरेका जिल्लाले पाएको न्यूनतम सरह अङ्क प्रदान गरिएको ।

## १.५ अध्ययनका सीमा

देहायका विषयहरूलाई अध्ययनका सीमाका रूपमा लिइएको छ।

- समितिलाई प्राप्त कार्यादेश अनुसार निश्चित मापदण्डका आधारमा नतिजा विश्लेषण गर्दा कार्यसम्पादन सम्झौतामा उल्लेख नभएका तर व्यवहारमा सफल कार्यान्वयन भएका विषयहरू मूल्याङ्कनको दायरामा नआएको,

- ❖ कार्यसम्पादन सम्झौता अनुसारको क्रियाकलापहरू, वार्षिक परिमाणात्मक लक्ष्य, भार, कार्यसम्पादनस्तरको सूचक अनुसार कार्यसम्पादन सम्झौता गरेका अधिकारीबाट CPAS मार्फत प्राप्त विवरणको मात्र अध्ययन गरिएको, र मूल्याङ्कन मा सेवाग्राही तथा समकक्षीहरूको आवाजलाइ समेट्न नसकिएको,

- ❖ प्रतिनिधिमूलक तवरबाट नीति, योजना ,अनुगमन तथा मूल्याङ्कन महाशाखाबाट स्थलगत रूपमा गरिएका जिल्लाहरूको अवलोकन भ्रमणबाट प्राप्त अनुगमन प्रतिवेदनले मूल्याङ्कन गर्दा केही व्यहारिक आधार दिए पनि मन्त्रालयका बिभिन्न महाशाखा र शाखाहरूबाट भएका अनुगमन प्रतिवेदन योजना, अनुगमन तथा मूल्याङ्कन शाखामा एकीकृत रूपमा प्राप्त हुन नसक्दा अनुगमन गरिएकै जिल्लाहरूको पनि कतिपय सूचकमा तोकिए बमोजिमका प्रत्यक्ष अनुभूति गर्नु पर्ने सुधारका कार्यहरूको विवरण जिल्लाले पठाएको आधारमा नै गर्नु पर्दा proxy विवरण छुट्याउन कठिनाई देखिएको।

## १.६ अध्ययनका समस्या तथा चुनौतीहरू

अध्ययनको क्रममा अनुभव गरिएका समस्या तथा चुनौतीहरूलाई निम्न बमोजिम उल्लेख गरिएको छ।

- ❖ कार्यसम्पादन सम्झौतामा उल्लेख गरिएका कार्यसम्पादन सूचक र जिल्लाबाट पठाइएको विवरणका बीच तालमेल नहुनु (धेरै जसो सूचकहरूमा कार्यान्वयन प्रतिवेदन माग भएको तर केही जिल्लाहरूले जिल्लाबाट कार्य भएको/सम्पन्न भएको मात्र उल्लेख गरी सामान्य विवरण भरिएको, प्रमाणित विवरण प्राप्त नभएको, एउटा शीर्षकमा विवरण पठाउनु पर्नेमा अर्कै शिर्षकमा विवरण प्राप्त भएको जस्तै : नागरिकताको विवरणमा हातहतियार ,शान्ति सुरक्षा बैठक,दैनिक भ्रमण भत्ता माग गरिएको विवरण, संख्या नखुल्ने विवरण, नागरिकता सम्बन्धी उजुरीमा जिल्लाको विवरण मन्त्रालयको विवरणसँग नमिलेको, एउटै प्रतिवेदन धेरै पटक पठाएको, proxy विवरण पठाएको,अपुरो विवरण पठाएको, कतिपय शिर्षकमा मिति तथा संख्या जस्ता न्यूनतम विवरण समेत उल्लेख नगरिएको हुँदा वस्तुनिष्ठ मूल्याङ्कन गर्नमा समितीलाई समस्या भएको),

- ❖ कार्यसम्पादन प्रगतिसँग सम्बन्धित दस्तावेजहरू तोकिएको ढाँचामा प्राप्त नहुँदा तथ्याङ्क विश्लेषण गर्न कठिनाइ भएको,

- ❖ केही जिल्लाले विवरण अनावश्यक रूपमा बढी अपलोड गरेको तथा केहीले गर्दै नगरेकोले कार्य सम्पादन मूल्याङ्कन कार्य थप जटिल भएको ।

- ❖ कार्यसम्पादन सम्झौता कार्यान्वयनको अवधिमा कार्यरत रहेको पदाधिकारीहरू र प्रगति विवरण पठाउने समयका कार्यरत रहेका पदाधिकारीहरू फेरबदल हुँदा प्रगति प्रतिवेदन प्राप्तिमा समस्या देखिएको,

- ❖ धेरै क्रियाकलाप एकै ठाउँमा राखी एकमुष्ठ अङ्कभार तोकिएका विषयहरू (जस्तै समुदाय प्रहरी साझेदारी कार्यक्रम, DPRP कार्यान्वयन, सुरक्षा रणनीतिको क्षेत्रगत कार्ययोजना) को प्रगति मूल्याङ्कन गर्दा प्रत्येक क्रियाकलापको अङ्कभार यकिन गरी प्रभावकारी मूल्याङ्कन गर्न समस्या परेको ।

# परिच्छेद- दुई

## २. कार्यसम्पादन सम्झौता कार्यान्वयनको तुलनात्मक अवस्था

नेपाल सरकार (सचिवस्तर) मिति २०७९/०१/१४ गतेको निर्णयबाट योजना, अनुगमन तथा मूल्याङ्कन शाखाबाट प्रस्तुत गरिएको आ.व. २०७८/७९ को कार्य सम्पादन सम्झौताको अर्धवार्षिक मूल्याङ्कनले जिल्लागत अवस्थाको चित्रण गरेको छ । जस अन्तर्गत ६८ वटा जिल्लाको प्रगति ५० प्रतिशत भन्दा न्युन रहेको देखिन्छ। भने ३७ वटा जिल्लाले ३० प्रतिशत अङ्क समेत सो अवधिमा प्राप्त गर्न सकेको देखिएन। यसैगरी १० प्रतिशत अङ्क प्राप्त गर्न नसक्ने जिल्लाहरू ८ वटा रहेको देखियो। अर्द्धवार्षिक मूल्याङ्कनले औंल्याए बमोजिम सबै जिल्ला प्रशासन कार्यालयहरूलाई (खास गरी ४० % भन्दा कम अङ्क प्राप्त गर्ने जिल्लाहरूलाई) श्रीमान सचिवज्यूवाट मिति २०७९/०१/१४ गते सबै जिल्ला प्रशासन कार्यालयलाई कार्यसम्पादन स्तर सुधारका लागि निर्देशन समेत दिइएको देखियो। नीति ,योजना,अनुगमन तथा मूल्याङ्कन महाशाखाको निरन्तरको प्रयास पश्चात वार्षिक मूल्याङ्कनको यो अवधिमा अधिकांश जिल्लाहरूको कार्यसम्पादन स्तर वृद्धि भएको अवस्था देखिन्छ। जसले समग्रमा गृह प्रशासन सुधारका लागि महत्वपूर्ण योगदान समेत पुगेको देखिन्छ। कार्यसम्पादन स्तरको सूचकको आधारमा गत आ.व. २०७८/७९मा सम्पन्न भएको प्रमुख जिल्ला अधिकारीहरूको अर्धवार्षिक कार्यसम्पादन मूल्याङ्कनको स्तर देहाय बमोजिम रहेको छः-


### तालिका नं. २.१. अर्धवार्षिक कार्यसम्पादन मूल्याङ्कनको स्तर

| कार्यसम्पादन स्तर | जिल्ला | संख्या | अङ्क भार |
|---|---|---|---|
| सर्बोत्कृष्ट | - | ० | ९० भन्दा माथि र सबैभन्दा बढी अङ्क |
| अति उत्कृष्ट | - | ० | ९० % भन्दा माथी |
| उत्कृष्ट | अर्घाखाँची, | १ | ८० % भन्दा बढी ९०% सम्म |
| उत्तम | तेह्रथुम, बर्दिया, | २ | ६० % भन्दा बढी ८०% सम्म |

| कार्यसम्पादन स्तर | जिल्ला | संख्या | अङ्क भार |
|---|---|---|---|
| मध्यम | गुल्मी, सुनसरी, मुस्ताङ, सिराहा, कास्की, कञ्चनपुर | ६ | ५० % भन्दा बढी ६० % सम्म |
| न्यून | पाल्पा, तनहुँ, सप्तरी, बारा, दोलखा, धनुषा काभ्रेपलाञ्चोक, रसुवा, पर्वत, दार्चुला, बैतडी, भक्तपुर, झापा, मनाङ, गोरखा, डडेलधुरा, म्याग्दी, पाँचथर, रौतहट, लमजुङ, बाग्लुङ, सल्यान, चितवन, दाङ धनकुटा, रामेछाप, जुम्ला, सर्लाही, सिन्धुपाल्चोक, स्याङ्जा, इलाम, नवलपरासी (वर्दाघाट सुस्ता पुर्व), मकवानपुर, नुवाकोट, काठमाण्डौ, डोटी, हुम्ला, सिन्धुली, दैलेख, सोलुखुम्बु, ललितपुर, बाजुरा, संखुवासभा, नवलपरासी पश्चिम, मुगु, ओखलढुङ्गा, सुर्खेत, मोरङ, भोजपुर, प्युठान, कालीकोट, रूकुम (पश्चिम), पर्सा, बाँके, खोटाङ, अछाम, रूपन्देही, कैलाली, रोल्पा, जाजरकोट, महोत्तरी, ताप्लेजुङ, उदयपुर, बझाङ, डोल्पा, धादिङ, कपिलवस्तु, रूकुम (पूर्व) | ६८ | ५० % भन्दा कम |

**स्रोतः योजना अनुगमन तथा मूल्याङ्कन शाखा**

**रेखा चित्र नं. २.१ अर्धवार्षिक कार्यसम्पादन मूल्याङ्कनको स्तर**



# परिच्छेद- तीन

## ३.१ कार्यसम्पादन स्तरको वार्षिक मूल्याङ्कन

प्रमुख जिल्ला अधिकारीहरूको कार्यसम्पादन स्तरको वार्षिक मूल्याङ्कन गर्ने क्रममा प्रमुख जिल्ला अधिकारी र श्रीमान् गृह सचिवज्यू बीच मिति २०७८/०४/०१ भएको कार्य सम्पादन सम्झौता बमोजिमका सूचकहरूका आधारमा जिल्लाहरूबाट CPAS मार्फत प्रतिवेदन गरिएका विवरणहरूको बिषयगत मूल्याङ्कन गरी अङ्क प्रदान गरिएको छ। कार्यसम्पादन सम्झौताको ६ वटा विषयगत क्षेत्रहरू शान्ति सुरक्षा र अपराध नियन्त्रण, सुशासन र सेवा प्रवाह, लागु औषध नियन्त्रण, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन, मुआब्जा वितरण तथा विकास निर्माणमा समन्वय र आर्थिक प्रशासन भित्र यसै प्रतिवेदनको अनुसूची १, २ र ३ मा सुचिकृत गरिएका क्रमशः हिमाली, पहाड र तराई जिल्लामा वर्गीकृत गरिएका सूचकहरूको समग्र मापनका आधारमा जिल्ला प्रशासन कार्यालयहरूको स्तरलाई देहायको तालिकामा प्रस्तुत गरिएको छ :-

**तालिका नं.३.१ अर्धवार्षिक कार्यसम्पादन मूल्याङ्कनको स्तर**

| कार्यसम्पादन स्तर | जिल्ला | संख्या | अङ्क भार |
|---|---|---|---|
| सर्बोत्कृष्ट | गुल्मी | १ | ९० भन्दा माथि र सबैभन्दा बढी अङ्क |
| अति उत्कृष्ट | अर्घाखाँची, नवलपरासी (वर्दाघाट सुस्ता पुर्व), रूकुम (पश्चिम), डडेलधुरा, हुम्ला, चितवन, तनहुँ, सल्यान, बैतडी, नवलपरासी (पश्चिम), पर्वत, जाजरकोट, मुस्ताङ, भक्तपुर, दाङ, संखुवासभा, तेह्रथुम, बारा, स्याङ्जा, दार्चुला, ओखलढुंगा, कास्की, दैलेख, पर्सा, बाँके, मनाङ, लमजुङ, ललितपुर, उदयपुर, मकवानपुर, मोरङ, रसुवा, सोलुखुम्बु, अछाम, बर्दिया, भोजपुर, इलाम, प्यूठान, रामेछाप, झापा, पाल्पा, सुनसरी, सुर्खेत, कपिलवस्तु, मुगु | ४५ | ९०% भन्दा माथी |
| उत्कृष्ट | डोटी, धादिङ, नुवाकोट, बझाङ, बागलुङ, रोल्पा, गोरखा, रौतहट, कन्चनपुर, सिन्धुली, काभ्रेपलाञ्चोक, रूपन्देही, महोत्तरी, जुम्ला, रूकुम(पुर्व), काठमाडौं, सर्लाही, सिन्धुपाल्चोक, सिरहा, खोटांग, म्याग्दी, पाँचथर, ताप्लेजुङ, बाजुरा, दोलखा, कालिकोट, धनकुटा, धनुषा, कैलाली | २९ | ८०% भन्दा बढी ९०% सम्म |
| उत्तम | सप्तरी र डोल्पा | २ | ६०% भन्दा बढी ८०% सम्म |

| कार्यसम्पादन स्तर | जिल्ला | संख्या | अङ्क भार |
|---|---|---|---|
| मध्यम | - | | ५०% भन्दा बढी ६०% सम्म |
| न्यून | - | | ५०% भन्दा कम |

**स्रोतः अध्ययन प्रतिवेदन,२०७९**

माथी उल्लेखित तालिका अनुसार सर्वोकृष्ट जिल्लाको रूपमा गुल्मी परेको छ। देश भरिका ७७ वटा जिल्ला प्रशासन कार्यालयहरू मध्ये कुल ९७.७५ अङ्क प्राप्त गरी कार्य सम्पादनमा गुल्मी जिल्ला सर्बोत्कृष्ट जिल्ला प्रशासन कार्यालयको रूपमा दरिएको छ ।


**तालिका नं. ३.२ कार्य सम्पादनमा उत्कृष्ट पाँच जिल्ला**

| स्थान | जिल्ला | प्राप्तांक | स्तर |
|---|---|---|---|
| प्रथम | गुल्मी | ९७.७५ | अति उत्कृष्ट |
| द्धितीय | अर्घाखाँची | ९७ | अति उत्कृष्ट |
| तृतीय | नवलपरासी पुर्व | ९६.७५ | अति उत्कृष्ट |
| चौथो | रूकुम पश्चिम | ९६ | अति उत्कृष्ट |
| पाचौं | डडेलधुरा, हुम्ला | ९५ | अति उत्कृष्ट |

**स्रोतः अध्ययन प्रतिवेदन,२०७९**

वार्षिक कार्य सम्पादन सम्झौता अनुसारका कार्यहरू तोकिएको समयसीमा भित्र सम्पन्न गर्नुपर्ने गरी सूचकहरू निर्धारण गरिएकोमा वर्गीकृत समय सिमा अनुसार जिल्लाहरूले अङ्क प्राप्त गरेको देखिन्छ। यो मूल्याङ्कनमा ९० % भन्दा माथी अङ्क हासिल गर्ने जिल्लाहरू ४५ वटा रहेका छन। जसलाई पाँच तारा सहित अति उत्कृष्टको स्तरमा मापन गरिएको छ। त्यसैगरी ८० % भन्दा बढी ९०% सम्म अङ्क प्राप्त गर्ने जिल्लाहरू २९ वटा रहेकोमा ती जिल्लाहरूलाई कार्य सम्पादनका आधारमा चार तारा सहित उत्कृष्टको स्तर मापन गरिएको छ भने पुछारमा रहेका दुईवटा जिल्लाहरूले तीन तारा सहित ६० % भन्दा बढी ८०% सम्म अङ्क प्राप्त गरेकाले उत्तम स्तर मापन गरिएको छ। आ.ब. २०७८/७९ को प्र.जि.अ. कार्यसम्पादन मूल्याङ्कनमा उच्च अङ्क हाँसिल गरी माथिल्लो पाँच स्तर कायम गर्ने जिल्लाहरू क्रमशः प्रथम गुल्मी (प्राप्तांक- ९७.७५), द्धितीय अर्घाखाँची (प्राप्तांक- ९७) तृतीय नवलपरासी पुर्व (प्राप्तांक- ९६.७५) चौथो रूकुम पश्चिम (प्राप्तांक- ९६) पाचौं डडेलधुरा र हुम्ला (प्राप्तांक-९५) रहेका छन। आ.ब. २०७८/७९ को वार्षिक कार्यसम्पादन मूल्याङ्कनमा मध्यम तथा न्यून स्तर मापन कुनै पनि जिल्लाको रहेको छैन। सबै जिल्ला प्रशासन कार्यालयहरूको एकमुष्ट योग्यता क्रमलाई अनुसूची-२ मा र जिल्लागत प्राप्तांकलाई अनुसूची-३ मा राखिएको छ। जिल्ला प्रशासन कार्यालयहरूको कार्यसम्पादन स्तरलाई तलको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ ।

तालिका चित्र नं.३.१ वार्षिक कार्यसम्पादन मूल्याङ्कनको स्तर




## ३.२ सम्झौता कार्यान्वयन प्रगति अवस्था

अर्द्ध वार्षिक कार्यसम्पादन मूल्याङ्कनको तुलनामा वार्षिक कार्य सम्पादन मूल्याङ्कनमा जिल्ला प्रशासन कार्यालयहरूको कार्य सम्पादन स्तरमा व्यापक सुधार देखिएको छ। अर्द्धवार्षिक मूल्याङ्कनमा ६८ वटा जिल्ला प्रशासन कार्यालयहरूको कार्य सम्पादन स्तर न्यून रहेकोमा वार्षिक मूल्याङ्कनसम्म आइपुग्दा एक सर्बोत्कृष्ट सहित ४५ वटा अति उत्कृष्ट, २९ वटा उत्कृष्ट र २ वटा उत्तम कार्य सम्पादन स्तरमा जिल्ला प्रशासन कार्यालयहरूको स्तर वृद्धि भएको देखिन्छ। आ.व. २०७८/०७८ मा कुनै पनि जिल्ला जिल्ला प्रशासन कार्यालयहरूको कार्यसम्पादन स्तरमा अघिल्लो आ.व.को तुलनामा न्यून भएको देखिएको छैन। समग्रमा जिल्लाको शान्ति सुरक्षा र सेवा प्रवाहको अवस्था सुदृढ भएको देखिन्छ।

प्रमुख जिल्ला अधिकारी र श्रीमान सचिवज्यूबीच भएको सम्झौतामा उल्लेख गरिएका विषयहरू प्रमुख जिल्ला अधिकारीहरूले विगत देखि नै गरी आएका अनिवार्य प्रकृतिका कामहरूको निरन्तरताको रूपमा

रहेका छन्। केही बिषय जस्तै २.११ मा उल्लेखित कार्यालय सौन्दर्यता (Office Beautification) र २.१२ मा उल्लेखित  प्रमुख जिल्ला अधिकारीको पहलमा भएको नवप्रवर्तात्मक कार्य लगायत सूचकले अङ्क पाउने उत्प्रेरणाले नै भए पनि प्रमुख जिल्ला अधिकारीलाई नयाँ र सिर्जनात्मक कार्य गर्न प्रेरित गर्छ। शान्ति सुरक्षा र अपराध नियन्त्रण खण्डमा रहेका जिल्लाको अपराध नक्साङ्कन (Crime Map) सहितको एकीकृत रणनीतिक सुरक्षा योजना अद्यावधिक, एकीकृत रणनीतिक सुरक्षा योजनाको क्षेत्रगत कार्ययोजना तयारी, जिल्ला सुरक्षा समितिको बैठक सञ्चालन, अवैध हातहतियार नियन्त्रण सम्बन्धी प्रतिवेदन,सुरक्षा निकाय तथा सरकारी कार्यालयहरूको नियमित अनुगमन तथा निरीक्षण, अवरूद्ध राष्ट्रिय राजमार्ग/सडक तत्काल सुचारू गर्ने लगायतका सूचकहरूले समग्रमा जिल्लाको शान्ति सुरक्षा व्यवस्थापनमा प्रभाकारी भूमिका खेलेको देखिन्छ। जिल्लाबाट CPAS मा प्राप्त भएका उल्लेखित विषयका प्रतिवेदनहरूले समेत सो को पुष्टि गर्छ। त्यसैगरी सुशासन र सेवा प्रवाह खण्डमा उल्लेखित सबै सूचकहरूले प्र.जि.अ.लाई जिल्लाको समग्र सुशासन र प्रभाकारी सेवा प्रवाहका लागि संधै जागरूक बनाइ राख्ने देखिन्छ। सरकारी वा सार्वजनिक जग्गाको अतिक्रमण सम्बन्धी जिल्लागत लगत तयारी, सरकारी वा सार्वजनिक जग्गामा भएको अतिक्रमण सम्बन्धी उजुरी एवं गुनासो फछ्र्यौट, मन्त्रालय मातहतका जिल्लास्थित सबै सरकारी कार्यालयको भौतिक स्रोत साधनहरूको प्रोफाइल तयारी, हस्तान्तरण पत्र (Handover Note) लगायत सूचकहरूमा CPAS मार्फत प्राप्त जिल्लाहरूको प्रतिवेदनले महत्वपूर्ण सरकारी दस्तावेजहरू प्राप्त भएको छ । त्यसै गरी लागु औषध नियन्त्रण शिर्षकका सूचकको कार्यान्वयनले युवा पुस्तामा फैलदै गएको लागु औषधको कुलतलाई रोक्न तथा सो मार्फत हुने अपराधलाई नियन्त्रण गर्न सहयोग पुगेको देखिन्छ ।विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन शिर्षकका सूचकले प्र.जि.अ.लाई विपद व्यवस्थापनमा सधै जागरूक अवस्थामा राखेको देखिन्छ। जुन कुरा कोभिड-१९ नियन्त्रणको सन्दर्भमा जिल्ला प्रशासनले खेलेको भूमिकाबाट समेत पुस्टि भएकै छ। जिल्लाहरूले पठाएको प्रतिवेदनमा समेत सो बिषय उल्लेख भएको छ। मुआब्जा वितरण तथा विकास निर्माणमा समन्वय शिर्षकमा रहेका सूचकहरूको कार्यान्वयनले प्र.जि.अ.लाई बिकास व्यवस्थापकको भूमिकामा समेत उभ्याएको छ भने लेखा परीक्षण भएको कुल अङ्कमा बेरूजूको अवस्था शुन्य हुने, बक्यौता बेरूजू फछ्र्यौट, कसूरजन्य सम्पत्ति व्यवस्थापन, जिन्सी निरीक्षण, सवारी साधनको वीमा लगायतका आर्थिक प्रशासनका सूचकहरूको कार्यान्वयनले जिल्लाको समग्र आर्थिक अनुशासन कायम गर्न महत्वपूर्ण योगदान दिने देखिन्छ। आगामी दिनमा सम्झौतालाई निरन्तरता दिई यसको नियमित अनुगमन तथा मूल्याङ्कन  लाई वैज्ञानिक तथा अझ प्रभावकारी बनाउन मन्त्रालयवाट थप सकृयताको खाँचो देखिन्छ।

# परिच्छेद-चार

## ४ प्र.जि.अ.सँग गरिएको कार्यसम्पादन सम्झौता कार्यान्वयनको विश्लेषण गर्दा देखिएका प्रमुख सवालहरू/सुझावहरू-

### ४.१ प्रमुख जिल्ला अधिकारीको कार्य जिम्मेवारी

नेतृत्वदायी भूमिका र कार्य जिम्मेवारीको हिसाबले जिल्लामा प्रमुख जिल्ला अधिकारी केन्द्रीय सरकारको प्रमुख प्रतिनिधि हो।यो भूमिका र जिम्मेवारीले निकायगत समन्वय, काम प्रतिको शीघ्रता र विषयको संवेदनशीलताको विश्लेषण गर्ने गुणहरूको माग गर्दछ।शान्ति सुरक्षा अमनचयन कायम गर्ने सन्दर्भमा जिल्लामा प्र.जि.अ.को भूमिका अहिले सम्म निर्विकल्प रूपमा देखिएको छ। यो यथार्थ हो । पचास वर्ष भन्दा लामो आयु भएको संस्थाको प्रमुखको रूपमा प्रमुख जिल्ला अधिकारीलाई समाजले चिन्दै आएको छ।राजनीतिक, सामाजिक तथा प्रशासनिक वृतमा यसले एउटा छुटै पहिचान बनाएको छ।यो साख(Reputation) र पहिचान(Recognition) कायम राख्न नियमित कार्यका अतिरिक्त सिर्जनात्मक कार्य र जनमुखी सेवा प्रवाह सहितका थप उत्तरदायित्व निर्वाह गर्ने गरी प्रमुख जिल्ला अधिकारीलाई चनाखो र सक्रिय बनाउनु जरूरी देखिन्छ।यसका लागि कार्यसम्पादन सम्झौताको विगतमा अभ्यास गरी आएको प्रणालीमा केही सुधारको खाँचो देखिएको छ।जसमा प्रमुख जिल्ला अधिकारीहरूलाई कानुन बमोजिमको जिम्मेवारी निर्वाह गर्दा कार्यबोझ थप गर्ने भन्दा उसलाई उत्प्रेरणा दिने हिसाबले कार्यसम्पादन सम्झौता गर्न आवश्यक देखिन्छ।कतिपय क्रियाकलापहरू प्रमुख जिल्ला अधिकारीका लागि कानुनले तोकिदिएको प्रमुख जिम्मेवारी भएकाले त्यस्ता सूचक राखी रहनु जरूरी देखिदैन।अतिसक्रिय (proactive) बनाउने नाउमा अनावश्यक कार्यबोझ थपिदिंदा प्रमुख जिल्ला अधिकारीले आफ्नो मूल कार्यबाट विषयान्तर हुने सम्भावना रहन्छ।जसले जिल्लाको समग्र शान्ति सुरक्षा व्यवस्थापन नै प्रभावित पार्न सक्छ।अतः कार्य सम्पादनका सूचकहरूलाई समयानुकूल परिमार्जन गरी प्र.जि.अ.लाई मूल कार्यमा केन्द्रित हुने गरी कार्य जिम्मेवारी तोकिनु जरूरी देखिन्छ ।

### ४.२ CPAS प्रणालीको विकल्प

मूल्याङ्कन निरन्तर र तत्काल गर्नुपर्ने विषय हो । कार्यसम्पादन सम्झौताको मुख्य उद्देश्य पनि जिम्मेवार पदाधिकारीलाई आफ्नो कार्यसम्पादनमा निरन्तर क्रियाशील गराइ राख्नु पनि हो । जसका लागि प्राप्त प्रतिवेदन र दस्तावेजहरूको भौतिक रूपमा अध्ययन तथा परिक्षण गर्ने कार्य झन्झटिलो र खर्चिलो भएको कारणले गत आ.ब.बाट हालको मूल्याङ्कन प्रणाली (CPAS) सञ्चालन मा ल्याइएको देखिन्छ ।

स्वचालित मूल्याङ्कन प्रणालीको रूपमा रहे पनि गुगल सिटमा आधारित भएकाले सुरक्षा र दिगोपनाका हिसावले बिकल्प सोच्नु पर्ने देखिन्छ। जिल्लाबाट हुने कार्यको प्रतिवेदनलाई मन्त्रालयले आफ्नै एकीकृत सफ्टवेयर प्रणाली बिकास गरी हाल सञ्चालन मा रहेको यस (CPAS) प्रतिवेदन प्रणालीलाई प्रतिस्थापन गर्न भविष्यमा सफ्टवेयर प्रणालीमा जानुको बिकल्प देखिदैन ।

## ४.३ तत्काल सुधार र पृष्ठपोषण दिने पद्धतिको विकास

गत आ.व.को अर्धवार्षिक मूल्याङ्कनको नतिजालाई विश्लेषण गरी मन्त्रालयबाट सकारात्मक तथा सुधारात्मक पृष्ठपोषण दिने परिपाटीको थालनी भएको देखिन्छ। गत आ.ब.को अर्धवार्षिक मूल्याङ्कनको नतिजाले निराशाजनक कार्य सम्पादनको तस्बिर देखाए पनि योजना अनुगमन तथा मूल्याङ्कन शाखाको जिल्ला प्रशासन कार्यालयहरूसँगको निरन्तरको सम्पर्क र समन्वयको कारण बाँकी अवधिमा जिल्ला प्रशासन कार्यालयहरूबाट उल्लेखनीय कार्य सम्पादन सुधार भएको वार्षिक मूल्याङ्कनमा देखिएको छ। मन्त्रालयसँगको निरन्तरको सम्पर्क ,समन्वय र पृष्ठपोषणले प्रमुख जिल्ला अधिकारीहरूलाई थप उत्प्रेरणा दिएको पाइएको छ। जसले समग्रमा मुलुकको शान्ति सुरक्षा व्यवस्थापनमा सहयोग पुगेको देखिन्छ भने जिल्लामा काम गर्दा देखिएका समस्या र चुनौतीहरूलाई केन्द्रबाट समेत सम्बोधन हुंदा प्र.जि.अ.हरूलाई सहज कार्य वातावरणमा कार्य सम्पादन गर्न सहयोग पुगेको देखिएको छ । आगामी दिनमा मन्त्रालयले यस्ता किसिमका पृष्ठपोषण दिने कार्यलाई निरन्तरता दिनु जरूरी देखिन्छ। यसका साथै विद्यमान जनशक्ति, श्रोत साधनको व्यवस्था, जिल्लामा उत्पन्न हुने आकस्मिक तथा विशेष परिस्थिति तथा सरूवा प्रणालीबाट विद्यमान कार्यसम्पादन सम्झौता कार्यान्वयन स्तरमा प्रतिकूल प्रभाव पर्न नजाने वातावरणको निर्माण गर्न समेत जरूरी छ।

## ४.४ जिल्लाको वर्गीकरण गरी सम्झौता गर्नुपर्ने-

हाल अभ्यासमा रहेको कार्यसम्पादन सम्झौताले सबै जिल्लाहरूको वस्तुस्थिति, समस्या, जटिलता र चुनौतीहरू समान स्तरमा रहेको परिकल्पना गरेको छ। जसले कार्यसम्पादन सम्झौता कार्यान्वयनमा समस्या तथा मूल्याङ्कन लाइ प्रभावित गरेको देखिन्छ। उदाहरणका लागि- सबै जिल्लामा लागु नहुने बुँदाहरू (कारागार, पुनर्स्थापना केन्द्र, राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, अन्तराष्ट्रिय सिमाना आदि) सम्बन्धमा स्थानीय परिवेश अनुसारका महत्वपूर्ण विषयवस्तु समावेश गरी कार्य सम्पादन सम्झौता गर्न उपयुक्त हुने देखिन्छ र गत आ.ब.को कार्य सम्पादन सम्झौता रहेको हिमाली/पहाडी/तराइ जिल्लाहरूको ३ स्तरमा वर्गीकरणले जिल्लाहरूको यथार्थ वस्तुस्थितिको फरकपनाको मूल्याङ्कन गर्न चुकेको देखिन्छ। जनसंख्या, भौगोलिक क्षेत्र, बिकासको स्तर, साक्षरता जस्ता सुचकाङ्कलाई बेवास्ता गरी हिमाल, पहाड र तराईमा

जिल्लाको वर्गीकरण गर्दा एउटै बर्गमा समेत स्थानीय आवश्यकता ,चुनौती र समस्याहरू उल्लेख्य रूपमा फरक परेको देखिंदा माथी उल्लेखित आधारमा जिल्लाहरूलाई क,ख र ग वर्गमा विभाजन गर्नु उपयुक्त देखिन्छ ।

## ४.५ सम्झौतामा छुटेका महत्वपुर्ण क्रियाकलापहरू-

निजामती सेवा ऐन, २०४९, निजामती सेवा नियमावली, २०५०, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र गृह प्रशासन सुधार कार्ययोजना, २०७४ बमोजिम सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी तथा गुणस्तरीय बनाउन सार्वजनिक निकायका पदाधिकारीसँग कार्यसम्पादन सम्झौता गर्न सक्ने प्रावधानको शुरूवात एवं वर्षेनी निरन्तरता हुनु आँफैमा ठुलो उपलब्धी हो । सुधार निरन्तर हुनुपर्दछ ।जसलाई गृह प्रशासन सुधार कार्ययोजना, २०७८ ले पनि समेटेको छ । गृह मन्त्रालय र मातहतका सँगठनहरूमा सुधार ल्याउन कार्यसम्पादन सम्झौताको भूमिकालाई थप सुदृढ बनाउँदैं लैजानु पर्दछ । यसका लागि हाल अभ्यास गरी आएको ढाँचामा कतिपय छुटाउनै नहुने विषयहरू समेट्नु पर्ने देखिएको छ ।पूर्ण रूपले स्वचालित भनिए पनि CPAS प्रणालीका पनि सिमाहरू छन।सबै सूचकहरू प्रतिवेदन गरिए जस्तो बस्तुगत रूपले स्वतः अङ्क प्रदान गरिने खाले हुँदैनन्।जिल्लामा आइपर्ने समस्याको आकस्मिक व्यवस्थापन,काबु बाहिरको परिस्थिमा सहजीकरण, धैर्यता र शान्ति व्यवस्थापन जस्ता बिषयमा वस्तुपरक ढंगबाट व्यक्तिको जांचपरक र मूल्याङ्कन गर्न सकिदैन।यस्तोमा परिस्थितिजन्य अवस्थाको यथार्थ मूल्याङ्कन गरी व्यक्तिको बिषयगत क्षमता र कौशलताको आधारमा अङ्क प्रदान गर्नु पर्ने हुन्छ।अतः कार्य सम्पादन सम्झौतालाई बस्तुगतका अतिरिक्त आकस्मिक व्यवस्थापन जस्ता सन्दर्भमा बिषयगत आधारमा समेत मूल्याङ्कन गरी श्रीमान् सचिवज्यूबाट समेत (५देखि-१०) अङ्क प्रदान गरिने प्रावधान राखिनु उपयुक्त हुने देखिन्छ।

# परिच्छेद-पाँच

## ५ सुझाव तथा निश्कर्ष

गृह सचिव र ७७ जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूबीच आगामी आ.व.मा हुने कार्यसम्पादन सम्झौतालाई थप प्रभावकारी रूपमा कार्यान्वयन गर्न देहाय बमोजिम गर्न उपयुक्त हुने देखिन्छ ।

- कार्यसम्पादन सम्झौताका बारेमा सरोकारवाला सबैमा साझा बुझाई (Common Understanding) बनाउन जरूरी छ । यसका लागि मन्त्रालयको योजना अनुगमन तथा मूल्याङ्कन शाखालाई उत्तरदायी बनाउन पर्ने, स्रोतसाधन सम्पन्न बनाउनु पर्ने ।

- सरूवा भएर जाँदा कार्यसम्पादन सम्झौता भएका कार्यहरूको प्रगति अवस्थासहित सकेसम्म पूर्ववर्ती (Predecessor) प्रमुख जिल्ला अधिकारीले उत्तराधिकारी (Successor) प्रमुख जिल्ला अधिकारीलाई सार बैठक (Briefing) गरी भौतिक उपस्थितिमा कार्यसम्पादन सम्झौता हस्तान्तरण गर्ने पद्धतिको थालनी गरी निरन्तरता दिने । सो कार्य भए नभएको विषयमा मन्त्रालयको योजना शाखाबाट कडाईका साथ अनुगमन गरी उक्त पदाधिकारीलाइ जिम्मेवार/उत्तरदायी बनाउने,

- कार्यसम्पादन सम्झौताको वार्षिक मूल्याङ्कन मन्त्रालयको योजना शाखाले हरेक वर्षको श्रावण १५ गते भित्र सम्पन्न गर्ने। निरन्तर मूल्याङ्कन पद्धतिलाई जोड दिने । मूल्याङ्कन प्रणालीमा प्रमुख जिल्ला अधिकारीहरूलाई सम्भव भए सम्म भौतिक उपस्थिति र नभए Virtual माध्यमवाट पृष्ठपोषण सहित सुधारका लागि जिम्मेवार बनाउने,

- कार्यसम्पादन सम्झौता प्रमुख जिल्ला अधिकारीसँग भएतापनि यसको सफलता तथा संस्थागत रूपमा विकास गर्नको लागि सबै कर्मचारीसमेत यस विषयमा जानकार तथा यसको बारेमा सचेत हुनु आवश्यक देखिने हुँदा सो कार्यका लागि प्रमुख जिल्ला अधिकारीलाई थप जिम्मेवार बनाउने,

- कार्यसम्पादनस्तर सुधार गर्नका लागि आफ्नै पहलमा केही गर्न खोज्ने प्रमुख जिल्ला अधिकारीहरूलाई स्रोतको उपलब्धता र माग हेरी आवश्यक सहयोग गर्न मन्त्रालयले पहल गर्ने,

- कार्यसम्पादन सम्झौताको वार्षिक मूल्याङ्कनबाट प्राप्त नतिजालाई वार्षिक कार्यसम्पादन मूल्याङ्कन तथा वृत्ति विकाससँग आवद्ध गरी यसको उपादेयतालाइ दुबै पक्षले गम्भीरताका साथ लिने अवस्थाको सिर्जना गर्ने

। गृह मन्त्रालयले आयोजना गर्ने विभूषण सुशोभन समारोहमा उत्कृष्ट ५ जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूलाई विभुषणद्धारा सुशोभन गर्ने पद्धतिको शुरूवात गर्ने,

- जिल्लाहरूमा देखिएका असल अभ्यासहरूलाई अन्य जिल्लामा कार्यान्वयन गर्नको लागि प्रोत्साहित गर्नुपर्ने,
- मन्त्रालयका बिभिन्न महाशाखा र शाखाहरूबाट भएका अनुगमन प्रतिवेदनलाई योजना, अनुगमन तथा मूल्याङ्कन शाखामा एकीकृत रूपमा अभिलेख राख्ने प्रबन्ध गर्ने,
- कार्यसम्पादन सम्झौताको अर्धवार्षिक मूल्याङ्कनलाई निरन्तरता दिई त्रैमासिक रूपमा मूल्याङ्कन गर्ने गरी परिपाटी बसाउने र वार्षिक मूल्याङ्कनको नतिजालाई जिल्लाको समग्र कार्यसम्पादन सुधार तथा आगामी दिनमा अझ प्रभावकारी बनाउन मन्त्रालयबाट हुने प्रदेशस्तरीय समीक्षा गोष्ठीमा यस विषयलाइ समेत गहन रूपमा छलफल गर्नुपर्ने ,
- गुगल सिटमा आधारित CPAS प्रणालीलाई सफ्टवेयर प्रणालीले प्रतिस्थापन गर्नु पर्ने |

# अनुसुची -१

## कार्य सम्पादन सूचक-हिमाल

अङ्क भार

| शान्ति सुरक्षा र अपराध नियन्त्रण | ३८ |
|---|---|
| १.१ क जिल्लाको Crime Map सहितको एकीकृत रणनीतिक सुरक्षा योजना अद्यावधिक | ३ |
| १.१ ख एकीकृत रणनीतिक सुरक्षा योजनाको क्षेत्रगत कार्ययोजना तयारी | २ |
| १.२ क जिल्ला सुरक्षा समितिको बैठक सञ्चालन | ३ |
| १.२ ख अति विशिष्ट तथा विशिष्ट व्वक्तिको जिल्ला भ्रमणको सुरक्षा व्यवस्थापन | २ |
| १.३ सुरक्षा निकायहरूको निरीक्षण | ४ |
| १.४ कारागार निरीक्षण र प्रतिवेदन | १ |
| १.५ बालगृह निरीक्षण र प्रतिवेदन | १ |
| १.६ अवैध हातहतियार नियन्त्रण सम्बन्धी प्रतिवेदन | १ |
| १.७ क DRS प्रतिवेदन | ५ |
| १.७ ख महिला बालबालिकाबिरूद्ध हुने अपराध नियन्त्रण सम्बन्धी वस्तुस्थिति प्रतिवेदन | ३ |
| १.७ ग अपराध न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन | १ |
| १.७ घ समाजमा विद्यमान कूरीति, कुसंस्कार विरूद्ध सरकार- सहकारी साझेदारीमा कार्यक्रम सञ्चालन | २ |
| १.८ क अन्तर्राष्ट्रिय सीमा स्तम्भ सम्बन्धी पार्श्वचित्र तयारी | ३ |
| १.८ ख अन्तर्राष्ट्रिय सीमा क्षेत्रको नियमित अनुगमन, समकक्षीसँग बैठक र समन्वय | २ |
| १.८ ग अन्तर जिल्ला समन्वय बैठक | २ |
| १.९ अवरूद्ध राष्ट्रिय राजमार्ग/सडक तत्काल सुचारू गर्ने | ३ |
| **सुशासन र सेवा प्रवाह** | **३०** |
| २.१ क वार्षिक कार्ययोजना तर्जुमा र कार्यान्वयन | १ |
| २.१ ख अधिकृत कर्मचारीहरूसँग कार्यसम्पादन सम्झौता, मूल्याङ्कन र प्रतिवेदन | १ |
| २.१ ग कर्मचारीहरूलाई न्यायिक कार्य सम्बन्धी अभिमुखीकरण | १ |
| २.२ राष्ट्रिय परिचय पत्र सम्बन्धी कार्य | १ |
| २.३ मन्त्रालयबाट जारी गरिएका निर्देशन/परिपत्र/SMS को शिघ्र कार्यान्वयन | १ |

| | |
|---|---|
| २.४ द्वन्द्वपीडितको विवरण अद्यावधिक तथा भत्ता वितरण | १ |
| २.५ क दर्ता भएका मुद्दाहरूको फछ्यौंट | १ |
| २.५ ख अघिल्लो आ.व.बाट जिम्मेवारी सरेका मुद्दाको फछ्यौंट | १ |
| २.५ ग कर्मचारी बैठक सञ्चालन | १ |
| २.६ नागरिकता सम्बन्धी उजुरी फछ्यौंट | १ |
| २.७ ठाडो उजुरी, CIAA, NVC र MoHA बाट प्राप्त उजुरी फछ्यौंट | १ |
| २.८ क जिल्ला अनुगमन तथा मूल्याङ्कन समितिको बैठक सञ्चालन | १ |
| २.८ ख सुशासन ऐनको दफा (१३) र नियमावलीको नियम (६) को कार्यान्वयन | १ |
| २.८ ग जिल्ला स्थित सरकारी कार्यालयहरूको निरीक्षण | १ |
| २.९ नागरिक सहायता कक्ष सञ्चालन | १ |
| २.१० क वार्षिक प्रतिवेदन, DPRP तथा e-Bulletin लगायतका सूचनामूलक विवरण वेबसाइटमा प्रकाशन | १ |
| २.१० ख Proactive Disclosure प्रकाशन | १ |
| २.१० ग सूचना अधिकारीसँग बैठक सञ्चालन | १ |
| २.११ कार्यालय सौन्दर्यता (Office Beautification) | १ |
| २.१२ प्रमुख जिल्ला अधिकारीको पहलमा भएको नवप्रवर्तात्मक कार्य | १ |
| २.१३ क बजार अनुगमन | १ |
| २.१३ ख उपभोक्ता हित विपरीतका कार्यहरू सम्बन्धी उजुरी एवं गुनासो फछ्यौंट | १ |
| २.१४ क संस्थाहरूको प्रोफाइल तयारी | १ |
| २.१४ ख उजुरी परेका संघ वा संस्थाको निरीक्षण र कारबाही | १ |
| २.१४ ग संस्थाको एकीकरण र खारेजी | १ |
| २.१५ क सरकारी वा सार्वजनिक जग्गाको अतिक्रमण सम्बन्धी जिल्लागत लगत तयारी | १ |
| २.१५ ख सरकारी वा सार्वजनिक जग्गामा भएको अतिक्रमण सम्बन्धी उजुरी एवं गुनासो फछ्यौंट | १ |
| २.१५ ग मन्त्रालय मातहतका जिल्लास्थित सबै सरकारी कार्यालयको भौतिक स्रोत साधनहरूको प्रोफाइल तयारी | १ |
| २.१६ राजनीतिक दलसँग समन्वय बैठक सञ्चालन | १ |
| २.१७ हस्तान्तरण पत्र (Handover Note) | १ |
| **लागु औषध नियन्त्रण** | ४ |
| ३.१ क लागु औषध नियन्त्रण कार्ययोजना बमोजिम जिल्लास्तरीय कार्ययोजना कार्यान्वयन | २ |
| ३.१ ख जिल्ला अनुगमन तथा समन्वय समितिको बैठक सञ्चालन र पुन:स्थापना केन्द्रको अनुगमन | १ |
| ३.१ ग लागु औषध विरूद्ध एकदिवसीय सचेतना कार्यक्रम सञ्चालन | १ |
| **विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन** | ११ |

| | |
|---|---|
| ४.१ DDMC को बैठक सञ्चालन | १ |
| ४.२ DPRP अद्यावधिक | १ |
| ४.३ मनसुन आपत्कालीन कार्ययोजना अद्यावधिक गरी कार्यान्वयन | १ |
| ४.४ DEOC Strengthening वा स्थापना | १ |
| ४.५ उपलब्ध उपकरण सहितको QRT/IRT परिचालन योजना तयारी | १ |
| ४.६ स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वय गरी प्रतिवेदन तयारी | १ |
| ४.७ विपद्को समयमा उद्धार, राहत, सहजीकरण लगायतका क्रियाकलापको व्यवहारिक अभ्यास | १ |
| ४.८ विपद् भएको समयमा उद्धार र राहत तत्काल उपलब्ध गराउने | १ |
| ४.९ DIMS को नियमित प्रयोग | १ |
| ४.१० NEOC मातहत रहेको COVID-19 Reporting System को नियमित प्रयोग | १ |
| ४.११ कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ को कार्यान्वयन | १ |
| **मुआब्जा वितरण तथा विकास निर्माणमा समन्वय** | **७** |
| ५.१ जग्गा प्राप्ति र मुआब्जा बितरण सम्बन्धी कार्य तथा प्रतिवेदन | ५ |
| ५.२ जिल्ला दररेट समितिको बैठक सञ्चालन | १ |
| ५.३ आयोजनाको शान्ति सुरक्षा व्यवस्थापन | १ |
| **आर्थिक प्रशासन** | **१०** |
| ६.१ लेखा परीक्षण भएको कुल अङ्कमा बेरूजूको अवस्था शुन्य हुने | २ |
| ६.२ बक्यौता बेरूजू फछर्यौट | १ |
| ६.३ कसूरजन्य सम्पत्ति व्यवस्थापन | ५ |
| ६.४ जिन्सी निरीक्षण | १ |
| ६.५ सवारी साधनको वीमा | १ |
| कुल | १०० |

# अनुसूची-२

## कार्य सम्पादन सूचक-पहाड

| | अङ्क भार |
|---|---|
| **शान्ति सुरक्षा र अपराध नियन्त्रण** | **३५** |

| | |
|---|---|
| १.१ क जिल्लाको Crime Map सहितको एकीकृत रणनीतिक सुरक्षा योजना अद्यावधिक | ३ |
| १.१ ख एकीकृत रणनीतिक सुरक्षा योजनाको क्षेत्रगत कार्ययोजना तयारी | २ |
| १.२ क जिल्ला सुरक्षा समितिको बैठक सञ्चालन | ३ |
| १.२ ख अति विशिष्ट तथा विशिष्ट व्यक्तिको जिल्ला भ्रमणको सुरक्षा व्यवस्थापन | २ |
| १.३ सुरक्षा निकायहरूको निरीक्षण | ४ |
| १.४ कारागार निरीक्षण र प्रतिवेदन | १ |
| १.५ बालगृह निरीक्षण र प्रतिवेदन | १ |
| १.६ अवैध हातहतियार नियन्त्रण सम्बन्धी प्रतिवेदन | १ |
| १.७ क DRS प्रतिवेदन | ५ |
| १.७ ख महिला बालबालिकाबिरूद्ध हुने अपराध नियन्त्रण सम्बन्धी वस्तुस्थिति प्रतिवेदन | ३ |
| १.७ ग अपराध न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन | १ |
| १.७ घ समाजमा विद्यमान कूरीति, कुसंस्कार विरूद्ध सरकार- सहकारी साझेदारीमा कार्यक्रम सञ्चालन | २ |
| १.८ क राजमार्ग ... कार्यविधि, २०७५ को बुँदा नं.७ बमोजिम समितिको बैठक सञ्चालन | ३ |
| १.८ ख राजमार्ग ... कार्यविधि, २०७५ को अनुसूची १ बमोजिमको सामग्री सहित रोष्टर निर्माण तथा कार्ययोजना तर्जुमा | २ |
| १.९ अन्तर जिल्ला समन्वय बैठक सञ्चालन | २ |
| **सुशासन र सेवा प्रवाह** | **३१** |
| २.१ क वार्षिक कार्ययोजना तर्जुमा र कार्यान्वयन | १ |
| २.१ ख अधिकृत कर्मचारीहरूसँग कार्यसम्पादन सम्झौता, मूल्याङ्कन र प्रतिवेदन | १ |
| २.१ ग कर्मचारीहरूलाई न्यायिक कार्य सम्बन्धी अभिमुखीकरण | १ |
| २.२ राष्ट्रिय परिचय पत्र सम्बन्धी कार्य | १ |
| २.३ मन्त्रालयबाट जारी गरिएका निर्देशन/परिपत्र/SMS को शिघ्र कार्यान्वयन | १ |
| २.४ द्वन्द्वपीडितको विवरण अद्यावधिक तथा भत्ता वितरण | १ |
| २.५ क दर्ता भएका मुद्दाहरूको फछर्यौट | १ |
| २.५ ख अघिल्लो आ.व.बाट जिम्मेवारी सरेका मुद्दाको फछर्यौट | १ |
| २.५ ग कर्मचारी बैठक सञ्चालन | १ |
| २.६ क नागरिकता सम्बन्धी उजुरी फछर्यौट | १ |
| २.६ ख CIMS को त्रुटी सच्याउने | १ |
| २.७ ठाडो उजुरी, CIAA, NVC र MoHA बाट प्राप्त उजुरी फछर्यौट | १ |
| २.८ क जिल्ला अनुगमन तथा मूल्याङ्कन समितिको बैठक सञ्चालन | १ |
| २.८ ख सुशासन ऐनको दफा (१३) र नियमावलीको नियम (६) को कार्यान्वयन | १ |

| | |
|---|---|
| २.८ ग जिल्ला स्थित सरकारी कार्यालयहरूको निरीक्षण | १ |
| २.९ नागरिक सहायता कक्ष सञ्चालन | १ |
| २.१० क वार्षिक प्रतिवेदन, DPRP तथा e-Bulletin लगायतका सूचनामूलक विवरण वेबसाइटमा प्रकाशन | १ |
| २.१० ख Proactive Disclosure प्रकाशन | १ |
| २.१० ग सूचना अधिकारीसँग बैठक सञ्चालन | १ |
| २.११ कार्यालय सौन्दर्यता (Office Beautification) | १ |
| २.१२ प्रमुख जिल्ला अधिकारीको पहलमा भएको नवप्रवर्तात्मक कार्य | १ |
| २.१३ क बजार अनुगमन | १ |
| २.१३ ख उपभोक्ता हित विपरीतका कार्यहरू सम्बन्धी उजुरी एवं गुनासो फछ्यौंट | १ |
| २.१४ क संस्थाहरूको प्रोफाइल तयारी | १ |
| २.१४ ख उजुरी परेका संघ वा संस्थाको निरीक्षण र कारबाही | १ |
| २.१४ ग संस्थाको एकीकरण र खारेजी | १ |
| २.१५ क सरकारी वा सार्वजनिक जग्गाको अतिक्रमण सम्बन्धी जिल्लागत लगत तयारी | १ |
| २.१५ ख सरकारी वा सार्वजनिक जग्गामा भएको अतिक्रमण सम्बन्धी उजुरी एवं गुनासो फछ्यौंट | १ |
| २.१५ ग मन्त्रालय मातहतका जिल्लास्थित सबै सरकारी कार्यालयको भौतिक स्रोत साधनहरूको प्रोफाइल तयारी | १ |
| २.१६ राजनीतिक दलसँग समन्वय बैठक सञ्चालन | १ |
| २.१७ हस्तान्तरण पत्र (Handover Note) | १ |
| **लागु औषध नियन्त्रण** | **४** |
| ३.१ क लागु औषध नियन्त्रण कार्ययोजना बमोजिम जिल्लास्तरीय कार्ययोजना कार्यान्वयन | २ |
| ३.१ ख जिल्ला अनुगमन तथा समन्वय समितिको बैठक सञ्चालन र पुन:स्थापना केन्द्रको अनुगमन | १ |
| ३.१ ग गाँजा अफिम लगायतका लागु पदार्थजन्य खेती नष्ट गराउने | १ |
| **विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन** | **१३** |
| ४.१ DDMC को बैठक सञ्चालन | १ |
| ४.२ DPRP अद्यावधिक | १ |
| ४.३ मनसुन आपत्कालीन कार्ययोजना अद्यावधिक गरी कार्यान्वयन | १ |
| ४.४ DEOC Strengthening वा स्थापना | १ |
| ४.५ उपलब्ध उपकरण सहितको QRT/IRT परिचालन योजना तयारी | १ |
| ४.६ स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वय गरी प्रतिवेदन तयारी | १ |
| ४.७ विपद्को समयमा उद्वार, राहत, सहजीकरण लगायतका क्रियाकलापको व्यवहारिक अभ्यास | १ |
| ४.८ विपद् भएको समयमा उद्वार र राहत तत्काल उपलब्ध गराउने | १ |

| | |
|---|---|
| ४.९ DIMS को नियमित प्रयोग | १ |
| ४.१० NEOC मातहत रहेको COVID-19 Reporting System को नियमित प्रयोग | २ |
| ४.११ कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ को कार्यान्वयन | २ |
| **मुआब्जा वितरण तथा विकास निर्माणमा समन्वय** | ७ |
| ५.१ जग्गा प्राप्ति र मुआब्जा बितरण सम्बन्धी कार्य तथा प्रतिवेदन | ५ |
| ५.२ जिल्ला दररेट समितिको बैठक सञ्चालन | १ |
| ५.३ आयोजनाको शान्ति सुरक्षा व्यवस्थापन | १ |
| **आर्थिक प्रशासन** | १० |
| ६.१ लेखा परीक्षण भएको कुल अङ्कमा बेरूजूको अवस्था शुन्य हुने | २ |
| ६.२ बक्यौता बेरूजू फछर्यौट | १ |
| ६.३ कसूरजन्य सम्पत्ति व्यवस्थापन | ५ |
| ६.४ जिन्सी निरीक्षण | १ |
| ६.५ सवारी साधनको वीमा | १ |
| कुल | १०० |

# अनुसूची- ३

कार्य सम्पादन सूचक- तराई

| | अङ्क भार |
|---|---|
| शान्ति सुरक्षा र अपराध नियन्त्रण | ३८ |
| १.१ क जिल्लाको Crime Map सहितको एकीकृत रणनीतिक सुरक्षा योजना अद्यावधिक | ३ |
| १.१ ख एकीकृत रणनीतिक सुरक्षा योजनाको क्षेत्रगत कार्ययोजना तयारी | २ |
| १.२ क जिल्ला सुरक्षा समितिको बैठक सञ्चालन | ३ |
| १.२ ख अति विशिष्ट तथा विशिष्ट व्वक्तिको जिल्ला भ्रमणको सुरक्षा व्यवस्थापन | २ |
| १.३ सुरक्षा निकायहरूको निरीक्षण | ४ |
| १.४ कारागार निरीक्षण र प्रतिवेदन | १ |
| १.५ बालगृह निरीक्षण र प्रतिवेदन | १ |
| १.६ अवैध हातहतियार नियन्त्रण सम्बन्धी प्रतिवेदन | १ |
| १.७ क DRS प्रतिवेदन | ५ |

| | |
|---|---|
| १.७ ख महिला बालबालिकाबिरूद्ध हुने अपराध नियन्त्रण सम्बन्धी वस्तुस्थिति प्रतिवेदन | ३ |
| १.७ ग अपराध न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन | १ |
| १.७ घ समाजमा विद्यमान कूरीति, कुसंस्कार विरूद्ध सरकार- सहकारी साझेदारीमा कार्यक्रम सञ्चालन | २ |
| १.८ क अन्तर्राष्ट्रिय सीमा स्तम्भ सम्बन्धी पार्श्वचित्र तयारी | ३ |
| १.८ ख अन्तर्राष्ट्रिय सीमा क्षेत्रको नियमित अनुगमन, समकक्षीसँग बैठक र समन्वय | २ |
| १.८ ग अन्तर जिल्ला समन्वय बैठक | २ |
| १.९ अवरूद्ध राष्ट्रिय राजमार्ग/सडक तत्काल सुचारू गर्ने | ३ |
| सुशासन र सेवा प्रवाह | ३० |
| २.१ क वार्षिक कार्ययोजना तर्जूमा र कार्यान्वयन | १ |
| २.१ ख अधिकृत कर्मचारीहरूसँग कार्यसम्पादन सम्झौता, मूल्याङ्कन र प्रतिवेदन | १ |
| २.१ ग कर्मचारीहरूलाई न्यायिक कार्य सम्बन्धी अभिमुखीकरण | १ |
| २.२ राष्ट्रिय परिचय पत्र सम्बन्धी कार्य | १ |
| २.३ मन्त्रालयबाट जारी गरिएका निर्देशन/परिपत्र/SMS को शिघ्र कार्यान्वयन | १ |
| २.४ द्वन्द्वपीडितको विवरण अद्यावधिक तथा भत्ता वितरण | १ |
| २.५ क दर्ता भएका मुद्दाहरूको फछ्यौंट | १ |
| २.५ ख अघिल्लो आ.व.बाट जिम्मेवारी सरेका मुद्दाको फछ्यौंट | १ |
| २.५ ग कर्मचारी बैठक सञ्चालन | १ |
| २.६ नागरिकता सम्बन्धी उजुरी फछ्यौंट | १ |
| २.७ ठाडो उजुरी, CIAA, NVC र MoHA बाट प्राप्त उजुरी फछ्यौंट | १ |
| २.८ क जिल्ला अनुगमन तथा मूल्याङ्कन समितिको बैठक सञ्चालन | १ |
| २.८ ख सुशासन ऐनको दफा (१३) र नियमावलीको नियम (६) को कार्यान्वयन | १ |
| २.८ ग जिल्ला स्थित सरकारी कार्यालयहरूको निरीक्षण | १ |
| २.९ नागरिक सहायता कक्ष सञ्चालन | १ |
| २.१० क वार्षिक प्रतिवेदन, DPRP तथा e-Bulletin लगायतका सूचनामूलक विवरण वेबसाइटमा प्रकाशन | १ |
| २.१० ख Proactive Disclosure प्रकाशन | १ |
| २.१० ग सूचना अधिकारीसँग बैठक सञ्चालन | १ |
| २.११ कार्यालय सौन्दर्यता (Office Beautification) | १ |
| २.१२ प्रमुख जिल्ला अधिकारीको पहलमा भएको नवप्रवर्तात्मक कार्य | १ |
| २.१३ क बजार अनुगमन | १ |
| २.१३ ख उपभोक्ता हित विपरीतका कार्यहरू सम्बन्धी उजुरी एवं गुनासो फछ्यौंट | १ |

| | |
|---|---|
| २.१४ क संस्थाहरूको प्रोफाइल तयारी | १ |
| २.१४ ख उजुरी परेका संघ वा संस्थाको निरीक्षण र कारबाही | १ |
| २.१४ ग संस्थाको एकीकरण र खारेजी | १ |
| २.१५ क सरकारी वा सार्वजनिक जग्गाको अतिक्रमण सम्बन्धी जिल्लागत लगत तयारी | १ |
| २.१५ ख सरकारी वा सार्वजनिक जग्गामा भएको अतिक्रमण सम्बन्धी उजुरी एवं गुनासो फछर्यौट | १ |
| २.१५ ग मन्त्रालय मातहतका जिल्लास्थित सबै सरकारी कार्यालयको भौतिक स्रोत साधनहरूको प्रोफाइल तयारी | १ |
| २.१६ राजनीतिक दलसँग समन्वय बैठक सञ्चालन | १ |
| २.१७ हस्तान्तरण पत्र (Handover Note) | १ |
| लागु औषध नियन्त्रण | ४ |
| ३.१ क लागु औषध नियन्त्रण कार्ययोजना बमोजिम जिल्लास्तरीय कार्ययोजना कार्यान्वयन | २ |
| ३.१ ख जिल्ला अनुगमन तथा समन्वय समितिको बैठक सञ्चालन र पुन:स्थापना केन्द्रको अनुगमन | १ |
| ३.१ ग लागु औषध विरूद्ध एकदिवसीय सचेतना कार्यक्रम सञ्चालन | १ |
| विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन | ११ |
| ४.१ DDMC को बैठक सञ्चालन | १ |
| ४.२ DPRP अद्यावधिक | १ |
| ४.३ मनसुन आपत्कालीन कार्ययोजना अद्यावधिक गरी कार्यान्वयन | १ |
| ४.४ DEOC Strengthening वा स्थापना | १ |
| ४.५ उपलब्ध उपकरण सहितको QRT/IRT परिचालन योजना तयारी | १ |
| ४.६ स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वय गरी प्रतिवेदन तयारी | १ |
| ४.७ विपद्को समयमा उद्धार, राहत, सहजीकरण लगायतका क्रियाकलापको व्यवहारिक अभ्यास | १ |
| ४.८ विपद् भएको समयमा उद्धार र राहत तत्काल उपलब्ध गराउने | १ |
| ४.९ DIMS को नियमित प्रयोग | १ |
| ४.१० NEOC मातहत रहेको COVID-19 Reporting System को नियमित प्रयोग | १ |
| ४.११ कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ को कार्यान्वयन | १ |
| मुआब्जा वितरण तथा विकास निर्माणमा समन्वय | ७ |
| ५.१ जग्गा प्राप्ति र मुआब्जा बितरण सम्बन्धी कार्य तथा प्रतिवेदन | ५ |
| ५.२ जिल्ला दररेट समितिको बैठक सञ्चालन | १ |
| ५.३ आयोजनाको शान्ति सुरक्षा व्यवस्थापन | १ |
| आर्थिक प्रशासन | १० |
| ६.१ लेखा परीक्षण भएको कुल अङ्कमा बेरूजूको अवस्था शुन्य हुने | २ |

| | |
|---|---|
| ६.२ बक्यौता बेरूजू फछर्यौट | १ |
| ६.३ कसूरजन्य सम्पत्ति व्यवस्थापन | ५ |
| ६.४ जिन्सी निरीक्षण | १ |
| ६.५ सवारी साधनको वीमा | १ |
| कुल | १०० |

# अनुसुची- ४

## जिल्लाहरूको वरीयताक्रम

| जिल्लाहरूको वरीयताक्रम | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्ताङ्क | | | | | अपलोड | | | |
| वरीयता | मापन | जिल्ला | प्राप्ताङ्क | बार चित्र | वरीयता | जिल्ला | अपलोड | बार चित्र |
| 1 | ★★★★★ | गुल्मी | 97.75 | | 1 | बर्दिया | 693 | |
| 2 | ★★★★★ | अर्घाखाँची | 97 | | 2 | सोलुखुम्बु | 415 | |
| 3 | ★★★★★ | नवलपरासी पूर्व | 96.75 | | 3 | धनकुटा | 391 | |
| 4 | ★★★★★ | रुकुम (पश्चिम) | 96 | | 4 | नवलपरासी पूर्व | 366 | |
| 5 | ★★★★★ | डडेल्धुरा | 95 | | 5 | कैलाली | 363 | |
| 5 | ★★★★★ | हुम्ला | 95 | | 6 | धनुषा | 340 | |
| 7 | ★★★★★ | चितवन | 94.75 | | 7 | दार्चुला | 326 | |
| 7 | ★★★★★ | तनहुँ | 94.75 | | 8 | सुनसरी | 317 | |
| 9 | ★★★★★ | सल्यान | 94.5 | | 9 | सिराहा | 291 | |
| 10 | ★★★★★ | बैतडी | 94.25 | | 10 | गोरखा | 285 | |
| 11 | ★★★★★ | नवलपरासी पश्चिम | 94 | | 11 | काभ्रेपलाञ्चोक | 258 | |
| 11 | ★★★★★ | पर्वत | 94 | | 12 | नवलपरासी पश्चिम | 253 | |
| 13 | ★★★★★ | जाजरकोट | 93.75 | | 13 | तनहुँ | 246 | |
| 13 | ★★★★★ | मुस्ताङ | 93.75 | | 13 | मकवानपुर | 246 | |
| 15 | ★★★★★ | भक्तपुर | 93.5 | | 15 | मुस्ताङ | 231 | |
| 16 | ★★★★★ | दाङ | 93.25 | | 16 | पाल्पा | 230 | |
| 16 | ★★★★★ | सङ्खुवासभा | 93.25 | | 17 | झापा | 219 | |
| 18 | ★★★★★ | तेह्रथुम | 93 | | 18 | अर्घाखाँची | 215 | |
| 18 | ★★★★★ | बारा | 93 | | 18 | स्याङ्जा | 215 | |
| 18 | ★★★★★ | स्याङ्जा | 93 | | 20 | कास्की | 213 | |
| 21 | ★★★★★ | दार्चुला | 92.75 | | 20 | मोरङ | 213 | |
| 22 | ★★★★★ | ओखलढुङ्गा | 92.5 | | 22 | जुम्ला | 210 | |
| 22 | ★★★★★ | कास्की | 92.5 | | 23 | डडेल्धुरा | 208 | |
| 22 | ★★★★★ | दैलेख | 92.5 | | 24 | भक्तपुर | 198 | |
| 22 | ★★★★★ | पर्सा | 92.5 | | 25 | रुकुम (पूर्व) | 197 | |
| 22 | ★★★★★ | बाँके | 92.5 | | 26 | डोटी | 196 | |
| 27 | ★★★★★ | मनाङ | 92 | | 26 | रुकुम (पश्चिम) | 196 | |
| 27 | ★★★★★ | लमजुङ | 92 | | 28 | नुवाकोट | 194 | |
| 27 | ★★★★★ | ललितपुर | 92 | | 28 | सङ्खुवासभा | 194 | |
| 30 | ★★★★★ | उदयपुर | 91.75 | | 30 | बारा | 189 | |
| 30 | ★★★★★ | मकवानपुर | 91.75 | | 31 | [illegible] | 187 | |
| 30 | ★★★★★ | मोरङ | 91.75 | | 31 | बैतडी | 187 | |
| 30 | ★★★★★ | रसुवा | 91.75 | | 31 | रोल्पा | 187 | |
| 30 | ★★★★★ | सोलुखुम्बु | 91.75 | | 34 | प्यूठान | 185 | |
| 35 | ★★★★★ | अछाम | 91.5 | | 35 | खोटाङ | 182 | |
| 35 | ★★★★★ | बर्दिया | 91.5 | | 35 | महोत्तरी | 182 | |
| 35 | ★★★★★ | भोजपुर | 91.5 | | 37 | इलाम | 180 | |
| 38 | ★★★★★ | इलाम | 91.25 | | 38 | जाजरकोट | 178 | |
| 38 | ★★★★★ | प्यूठान | 91.25 | | 39 | बाजुरा | 177 | |
| 38 | ★★★★★ | रामेछाप | 91.25 | | 39 | म्याग्दी | 177 | |
| 41 | ★★★★★ | झापा | 91 | | 41 | भोजपुर | 176 | |
| 41 | ★★★★★ | पाल्पा | 91 | | 42 | उदयपुर | 175 | |
| 41 | ★★★★★ | सुनसरी | 91 | | 43 | पर्वत | 174 | |
| 41 | ★★★★★ | सुर्खेत | 91 | | 43 | सिन्धुपाल्चोक | 174 | |
| 45 | ★★★★★ | कपिलवस्तु | 90.75 | | 43 | सुर्खेत | 174 | |
| 45 | ★★★★★ | मुगु | 90.75 | | 46 | पर्सा | 171 | |
| 47 | ★★★★ | डोटी | 89.5 | | 47 | कालिकोट | 170 | |
| 48 | ★★★★ | धादिङ | 89 | | 48 | काठमाडौँ | 168 | |
| 49 | ★★★★ | नुवाकोट | 88.75 | | 49 | रामेछाप | 165 | |
| 49 | ★★★★ | बझाङ | 88.75 | | 49 | हुम्ला | 165 | |
| 49 | ★★★★ | बाग्लुङ | 88.75 | | 51 | चितवन | 164 | |
| 49 | ★★★★ | रोल्पा | 88.75 | | 52 | दाङ | 163 | |
| 53 | ★★★★ | गोरखा | 88.5 | | 52 | सिन्धुली | 163 | |
| 54 | ★★★★ | रौतहट | 88 | | 54 | ओखलढुङ्गा | 162 | |
| 55 | ★★★★ | कञ्चनपुर | 87.5 | | 55 | सल्यान | 161 | |
| 55 | ★★★★ | सिन्धुली | 87.5 | | 56 | मुगु | 158 | |
| 57 | ★★★★ | काभ्रेपलाञ्चोक | 86.5 | | 56 | सर्लाही | 158 | |
| 57 | ★★★★ | रुपन्देही | 86.5 | | 58 | रौतहट | 157 | |
| 59 | ★★★★ | महोत्तरी | 86.25 | | 58 | लमजुङ | 157 | |
| 60 | ★★★★ | जुम्ला | 86 | | 60 | अछाम | 155 | |
| 60 | ★★★★ | रुकुम (पूर्व) | 86 | | 60 | गुल्मी | 155 | |
| 62 | ★★★★ | काठमाडौँ | 85.75 | | 60 | बाँके | 155 | |
| 63 | ★★★★ | सर्लाही | 85.5 | | 63 | मनाङ | 154 | |
| 63 | ★★★★ | सिन्धुपाल्चोक | 85.5 | | 64 | दैलेख | 152 | |
| 65 | ★★★★ | सिराहा | 85 | | 64 | ललितपुर | 152 | |

**प्राप्त कागजात**

**15625**


















| | | | | |
|---|---|---|---|---|
| 66 | ★★★★ | खोटाङ | 84.75 | |
| 67 | ★★★★ | म्याग्दी | 84.25 | |
| 68 | ★★★★ | पाँचथर | 83.75 | |
| 69 | ★★★★ | ताप्लेजुङ | 83 | |
| 69 | ★★★★ | बाजुरा | 83 | |
| 71 | ★★★★ | दोलखा | 82.75 | |
| 72 | ★★★★ | कालिकोट | 82.5 | |
| 73 | ★★★★ | धनकुटा | 82 | |
| 73 | ★★★★ | धनुषा | 82 | |
| 75 | ★★★★ | कैलाली | 80.75 | |
| 76 | ★★★ | सप्तरी | 77.75 | |
| 77 | ★★★ | डोल्पा | 77.25 | |
| | | औसत | 89.81 | |

| | | |
|---|---|---|
| 66 | तेह्रथुम | 151 |
| 66 | रुपन्देही | 151 |
| 68 | धादिङ | 149 |
| 69 | दोलखा | 146 |
| 70 | सप्तरी | 145 |
| 71 | बाग्लुङ | 141 |
| 72 | कञ्चनपुर | 140 |
| 73 | कपिलवस्तु | 137 |
| 74 | पाँचथर | 134 |
| 75 | रसुवा | 128 |
| 76 | ताप्लेजुङ | 120 |
| 77 | डोल्पा | 73 |
| | औसत | 203 |




**भौगोलिक क्षेत्र अनुसार कार्य सम्पादन**

| प्राथमिकता क्षेत्र | हिमाल | पहाड | तराई | बार चित्र |
|---|---|---|---|---|
| शान्ति सुरक्षा र अपराध नियन्त्रण | 34.9 | 33.5 | 37.2 | |
| सुशासन र सेवा प्रवाह | 25.6 | 26.3 | 24.0 | |
| लागु औषध नियन्त्रण | 4.0 | 3.8 | 2.9 | |
| विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन | 9.8 | 11.6 | 9.7 | |
| मुआब्जा वितरण तथा विकास निर्माणमा समन्वय | 7.0 | 6.8 | 7.0 | |
| आर्थिक प्रशासन | 6.8 | 7.3 | 7.3 | |
| कुल जम्मा | 88.0 | 89.3 | 88.2 | |

नेपाल सरकार
गृह मन्त्रालय
नीति, योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा

**योजना अनुगमन तथा मूल्याङ्कन शाखा**

सिंहदरबार, काठमाडौं

संयोजक

द्वा

# अनुसूची-५

सबै जिल्लाहरूको कार्य सम्पादन प्राप्ताङ्क शिट